जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ९७ २०७८ साल कात्तिक २४ गते बुधबार (10 Nov. 2021 Wednesday) मूल्य रु. ५/-

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलाञ्चलमा सामा ... ३ पृष्ठमा : राष्ट्रियसभा २० सदस्यको ... ३ पृष्ठमा :इराकी प्रधानमन्त्रीको हत्या ...

# आज साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइदै





**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

छठ पर्व धुमधामका साथ मनाउन सम्पूर्ण मधेशवासी अहिले उत्साह पूर्वक जुटेका छन् । चार दिवसीय छठ पर्व अन्तरगत आज साँझ अूताउँदो सूर्यलाई अर्घ दिइदै छ ।

लक्ष्मी पूजाको चार दिनपछि अर्थात् कात्तिक शुक्ल पक्षको चौथी तिथिबाट यो पर्व विधिवत् रूपमा आरम्भ हुन्छ ।

मंगलबार बिहानैदेखी घाट सरसफाई, सजावट तथा छठका लागि किनमेल गर्नेहरुको बजारमा घुँइचो देखिएको छ । यसका लागि चाहिने सामग्री हरियो तरकारी र फलफूल स्याउ, केरा, सुन्तला, पानी भएको नरिवल, भोगटे, उखु, हरियो बोडी, पानी सिङ्गडा, मूला, अदुवाको बोट पर्छन् ।

पूजाका लागि ब्रतालु एवं श्रद्धालुले बाँसका सामग्रीमा कोनिया, ढाकी र नाङ्लो पनि खरिद गर्ने गर्दछन् । पर्व मनाउने पोखरीको डिल, नहर र नदी किनारको सरसफाइ गर्दै आफ्ना लागि पूजास्थल सुरक्षित बनाउन थालेका छन् । घाटलाई आकर्षक एवं सजावट गर्न ब्रतालुले लागि परेका छन् ।

जिल्लास्थित विभिन्न ताल तलाउ, खोला लगायत जलाशयलाई सफा गरि ध्वजापातका र रंगबिरगिं बत्तिले बेहुली झैं सिंगार्न ब्यस्त छन् । भक्तजनले जिल्लाको भगवती पोखरी, कल्टु पोखरी, तुरन्ती पोखरी, सप्तकोशी नदी लगायतका जलाशयलाई झकिझकाउ बनाउने तयारीलाई तिब्र बनाएका हुन् ।

सूर्यको आराधना गरि मनाइने छठको दोश्रो दिन मंगलबार ब्रतालुले नुहाई धुवाई चोखो भएर खरना बिधी सुरु गरेका छन् । यस बिधी अन्तरगत ब्रतालुले विभिन्न जातको धानको चामल, गाईको दुध र सखर समिश्रण गरि खिर पकाउछन् ।

राती यो परिकार ग्रहण गरेपछि ब्रतालु बुधबार दिनभर निरहार बस्छन् । सोही दिन सझिया घाट र भोली पल्ट बिहीबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर जलाशयबाट घर फर्किएपछि मात्र खाने कुरा खान्छन् ।

सोमबारदेखि सुरु भएको पर्वअन्तर्गत बुधबार साँझ अस्ताउँदो सूर्यलाई र बिहीबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि सम्पन्न हुन्छ । यस पर्वमा ठकुवा, भुसुना, घ्यूमा तयार पारेका अन्य मिठाई पनि खाने गर्दछन् ।

यो पर्वका लागि सरकारले बुधबार सार्वजनिक बिदा दिएको छ भने प्रदेश २ सरकारले बिहीबार पनि सार्वजनिक बिदा दिएको छ ।

## सात वर्षीया बालिकाको हत्या

कर्णाली, २३ कात्तिक (रासस) ।

लेकबैंसी नगरपालिका-१ सुर्खेत ढापखर्कको सात वर्षीया बालिकाको घाँटी रेटेर हत्या गरिएको अवस्थामा प्रहरीले शव फेला पारेको छ ।

लेकबैंसी इलाका प्रहरी कार्यालयले ढापखर्क निवासी गगनबहादुर सुनारकी सात वर्षीया छोरी मनिषा सुनारलाई घरबाट ५०० मिटर दूरी उत्तरपूर्वमा रहेको सोही वडाको देवीलाल सुनारको खरबारीमा घाँटी रेटिएको अवस्थामा सोमबार शव फेला पारेको सुर्खेतस्थित कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता माधवप्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार बालिका आइतबार बिहान १०:०० बजे सामान किन्न भनी घर नजिकैको पसलमा गएकी तर घर नफर्केपछि

***बाँकी अन्तिम पृष्ठमा***

# सूचना । सूचना ॥ सूचना ॥।

यस सप्तरी उद्योग बाणिज्य संघ, सप्तरी शाखाको एघारौं शाखा अधिवेशन तथा साधारण सभाबाट गठन हुने नयाँ कार्य समितिको लागि मिति २०७८।८।४ गते सम्पन्न हुने निर्वाचन तपसिलका कार्यक्रम अनुसार हुने सम्बन्धित सबैमा यसै सुचना द्वारा जानकारी गराइएको ब्यहोरा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | मिति | कार्यक्रम | समय |
|---|---|---|---|
| १. | २०७८।७।२२ | मतदाता नामावली प्रकाशन | दिनको ११ बजे |
| २. | २०७८।७।२३ | मतदाता नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ३. | २०७८।७।२३ | अन्तिम मतदाता नामावली प्रकाशन | बेलुकी ५ बजे |
| ४. | २०७८।७।२६ | उम्मेदवारी दर्ता | दिनको १० बजेदेखि ४ बजेसम्म |
| ५. | २०७८।७।२६ | उम्मेदवारको नामावली प्रकाशन | दिनको ५ बजे |
| ६. | २०७८।७।२८ | उम्मेदवारको नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ७. | २०७८।७।२८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| ८. | २०७८।७।२९ र ३० | उम्मेदवारको नाम फिर्ता | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ९. | २०७८।७।३० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| १०. | २०७८।८।४ | मतदान (स्थल-के.अ.मा.बि.) | दिनको १० बजेदेखि ४ बजेसम्म |

११. **निर्वाचन हुने पदहरुको बिवरण निम्न बमोजिम रहेको छ ।**
(क) अध्यक्ष-१ (एक) जना
(ख) उधोग उपाध्यक्ष-१ (एक) जना
(ग) बाणिज्य उपाध्यक्ष-१ जना (एक) जना
(घ) महासचिव-१ (एक) जना
(ङ) सचिव-१ (एक) जना
(च) कोषाध्यक्ष-१ (एक) जना
(छ) सह-कोषाध्यक्ष-१ (एक) जना
(ज) सदस्य-६ (छ) जना
(झ) महिला सदस्य-१ (एक) जना

१२. प्रमाणित मतदाता नामावली लिन चाहने ईच्छुकले सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा रु.४००।-(चार सय) जम्मा गरी लिनु पर्ने गरी ब्यवस्था मिलाइएको छ ।

१३. निर्वाचनमा सहभागी हुने मतदाता वा उम्मेदवारले नेपाल सरकारबाट जारी गरिएको आफ्नो परिचय स्पष्ट खुल्ने वा देखिने प्रमाणहरु (फर्म दर्ता प्रमाण-पत्र, भ्याट वा प्यानको प्रमाणपत्र वा नागरिकता प्रमाण-पत्र) अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

१४. मतदान बाहेक निर्वाचनको सम्पूर्ण कार्यक्रम सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा नै हुने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

**राम कुमार यादव**
**संयोजक**
**निर्वाचन समिति**
**उधोग वाणिज्य संघ, सप्तरी**



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# प्रदेश प्रमुख मिश्रद्वारा दुई अध्यादेश जारी

धनुषा, २३ कात्तिक (रासस) ।

प्रदेश नं २ का प्रदेश प्रमुख हरिशङ्कर मिश्रले दुईवटा अध्यादेश जारी गर्नुभएको छ ।

प्रदेश प्रमुख मिश्रले प्रदेश प्राविधिक विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश र प्रदेश कृषि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशलाई मन्त्रिपरिषद्को सिफारिसमा आज जारी गर्नुभएको हो ।

प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले कात्तिक ९ गते दुईवटा अध्यादेश जारी गर्न सिफारिसको लागि प्रदेश प्रमुखसमक्ष पठाउने निर्णय गरेको थियो ।

प्रदेश प्रमुख मिश्रले नेपालको संविधानको धारा २०२ बमोजिम अध्यादेश जारी गर्नुभएको हो । सप्तरीको राजविराजमा कृषि विश्वविद्यालय र पर्साको वीरगञ्जमा प्राविधिक विश्व विद्यालय स्थापना गर्ने प्रक्रिया अगाडि बढाउन प्रदेश सरकारले अध्यादेश सिफारिस गरेको थियो ।

कृषि तथा प्राविधिक क्षेत्रका उच्चस्तरीय जनशक्ति उत्पादन तथा कृषि र प्राविधिकसम्बन्धी अध्ययन अनुसन्धानलाई समयसापेक्ष, व्यापक, व्यावहारिक र स्तरीय बनाउन प्रदेशस्तरीय कृषि तथा प्राविधिक विश्वविद्यालय स्थापना आवश्यक देखिएको अध्यादेशमा उल्लेख गरिएको छ ।

# थप ५३३ जनामा कोरोना संक्रमण

काठमाडौं, २३ कात्तिक (रासस) ।

पछिल्लो २४ घण्टामा देशभर ५३३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा १६ हजार ७३६ जनाको कोरोना परीक्षण गरिएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ६१२ छ । नेपालमा कोरोना सङ्क्रमण दर १८.२ प्रतिशत छ । हाल पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्लामा काठमाडौं र ललितपुर तथा २०० भन्दा बढी सङ्क्रमित भएका जिल्ला मोरङ, सुनसरी, झापा, भक्तपुर, कास्की, पूर्वी नवलपरासी, रुपन्देही, बाँके र कैलाली छन् ।

**दुई जिल्लामा सङ्क्रमित शून्य**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार दुई जिल्लामा कोरोना सङ्क्रमित शून्य रहेको छ । हुम्ला र मुगुमा सङ्क्रमित सङ्ख्या शून्य रहेको छ । पछिल्लो २४ घण्टामा ४८४ जना सङ्क्रमणबाट मुक्त भएका छन् ।

योसँगै नेपालमा कोरोनाबाट मुक्त हुनेको सङ्ख्या सात लाख ९६ हजार ३०६ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.७ प्रतिशत छ । कोरोना सङ्क्रमणबाट आज एक जनाको निधन भएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ४५४ जनाको निधन भएको छ । हाल होम आइसोलेसनमा सात हजार ७७, संस्थागत आइसोलेसनमा ५३५, सघन उपचार कक्षमा १९९ र भेन्टिलेटरमा ५५ सङ्क्रमित छन् । देशभर आज ४३ हजार ३८० जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । हालसम्म ८७ लाख ४७ हजार ७१२ जनाले कोरोना खोपको पहिलो मात्रा तथा ७४ लाख ६८ हजार ९१४ जनाले पूर्ण मात्रा लगाएका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिलाञ्चलमा सामा चकेवा पर्व सुरु

धनुषा, २३ कात्तिक (रासस) ।

मिथिलाञ्चलमा दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेमको प्रतीक मानिएको सामा चकेवा पर्व मंगलबारदेखि सुरु भएको छ । यसपर्व मंगलबार पञ्चमीदेखि सुरु भई १० दिनसम्म चल्ने छ भने ११औं दिन पूर्णिमाको रात सामा चकेवालाई विसर्जन गरी पर्व समापन गरिन्छ ।

दश दिनसम्म मिथिलाञ्चलकी दिदीबहिनी, छोरीबुहारी तथा महिलाले आ-आफ्ना दाजुभाइको दीर्घायुको कामना गर्दै सामा चकेवा खेल्नेछन् । मंगलबार बिहानै मिथिलाञ्चलकी दिदीबहिनीले समूहमा गीत गाउँदै गाउँको खेत तथा भिरमा गएर दाजुभाइका हातबाट खनेर ल्याएको माटोलाई गिलो पारी विभिन्न प्रकारका कलात्मक सामा चकेवा बनाउन थालेका छन् ।

सामा चकेवा बेलुका सुकिसकेपछि त्यसमा विभिन्न प्रकारका रङले रङ्गीचङ्गी बनाइन्छ । रङ्गिसकेको सामा चकेवालाई राति रातो रङको बाँसको डालामा राखेर दियो बाली गाउँका प्रत्येक चोक, चौराहा, दोबाटो, चौबाटो, सार्वजनिक स्कुल, धर्मशाला, मन्दिर र छठघाटमा समेत लगेर १० दिनसम्म गीतसहितको नृत्य गर्दै चेलीबेटीले सामा चकेवा खेल्ने गर्दछन् ।

समूहगतरूपमा चेलीबेटी तथा छोरीबुहारीले यसरी गीत गाउने गर्दछन्-

*'गामके अधिकारी तोहे बरका भैया हो,*
*भैया हातदश पोखरी खुनाइ दिए,*
*चम्पा फूल लगाइ दिए*
*सामचको सामचको ऐहा हो,*
*ऐहा हो,*
*गुँढ खेतमे भसिया हो'*

(अर्थात् गाउँको अधिकारी मेरो दाजु, दश हातको पोखरी खनाइदिनुस्, चम्पा फूल लगाइदिनुस्, सामचको आउनु, उखु खेतमा भासिनु)

दश दिनसम्म यस्तै गीत गाएर सामा चकेवा खेल्दै समूहमै सबैले सबैको दाजुभाइका दीर्घायुको कामना गर्ने गर्दछन् । एघारौँ दिन बिहानै सामा चकेवालाई पुनः रङरोगन गरी दिनभर सुकाएर बेलुका दही चिउरा खुवाएर दाजुभाइको फार भराउनाका साथै दाजुभाइबाट सामा चकेवालाई फुटाउन लगाएर बाजागाजाका साथ दिदीबहिनीले वनमा वा जोतिएको खेतमा लगेर विसर्जन गर्ने गर्दछन् ।

संस्कृतिविद् रामभरोस कापडी मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवन्त रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको यो पर्व विशिष्ट सांस्कृतिक सम्पदा भएको बताउनुहुन्छ । उहाँका अनुसार दाजुभाइ, दिदीबहिनीको प्रेमको मुख्य आधार भएको यो पर्वले भाइ-बहिनी र पति-पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शन गर्दछ ।

मिथिलाञ्चलका हरेक दिदीबहिनीले सामा चकेवा पर्वलाई निकै मन पराउने र माइतीमै गएर पर्व मनाउने इच्छा गर्ने भएकाले टाढा-टाढाबाट दिदीबहिनी सामा चकेवा खेल्न माइत जाने गर्दछन् । जनकपुरधाम-२ की नितु मिश्र भन्नुहुन्छ, "मिथिलाञ्चलका विभिन्न पर्वमध्ये भाइबहिनीको प्रेमको प्रतीक मानिएका सामा चकेवा पर्व दाजुभाइ तथा दिदीबहिनी हुनेका लागि निकै महत्वपूर्ण हुन्छ ।"

दाजुभाइ तथा दिदीबहिनी नहुनेहरूले पनि टोल-छिमेकका दाजुभाइ तथा दिदीबहिनीसँग मिलेर पनि यो पर्व मनाउने गरेको उहाँ बताउनुहुन्छ । यसबाट दाजुभाइको आयु लामो हुने तथा दिदीबहिनीप्रतिको सम्बन्ध प्रगाढ हुने जनविश्वास रहेको मिश्रको भनाइ छ ।

तराईको धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरी, बारा, पर्सालगायत सीमावर्ती भारतीय जिल्लामा पनि यो पर्व लोकप्रिय रहेको छ । मिथिलाञ्चलमा छठपर्व खरनाको दिनदेखि सामा चकेवा पर्व आगमन हुन्छ भने छठको तयारीसँगै यो पर्वका लागि पनि दिदीबहिनीले जोरजाम गर्ने गर्दछन् ।

**यसरी सुरु भयो सामा चकेवा**

पद्म पुराणमा उल्लेख भएअनुसार श्यामा र वृन्दावनका एक कुमार चारुबक्य मायाको बन्धनमा बाँधिएका हुन्छन् । राज्यका महासामन्त चूडक पनि श्यामालाई प्रेम गर्दछन् । तर श्यामाले अस्वीकार गरिदिँदा चूडकले कृष्णलाई श्यामाको सतित्वका सम्बन्धमा झुटा कुरा लगाइदिन्छ ।

त्यसपछि कृष्णले आफ्ना छोरी श्यामाको सतित्वमाथि शङ्का गरी चरी बन्ने सराप दिन्छन् । बीरह व्यथा भएका चारुबक्य र श्यामाले महादेवको तपस्या गरेर चकेवा चखेवी बन्न पुग्छ र दुवै प्रेमी चकेवा-चकेवीका रूपमा वृन्दावनमा बस्न थाल्दछन् । त्यसैबेला राज्यको भ्रमणमा निस्केका कृष्णका छोरा साम्ब फर्केर राजधानी आएपछि यी सबै कुरा सुनेर बाबुसँग क्षुब्ध भई बहिनी श्यामा र चारुबक्यलाई पुनः मनुष्य बनाउन वृन्दावन गई तपस्या गर्न थाल्छन् ।

श्यामाले चरी बन्ने सराप पाएपछि चूडकको नाम फेरेर चुगला राखिदिएको र सबैले चुगलाको मुख झोस्नेछन् भनी दिएपछि रिसाएका चूडकले वृन्दावनमै आगो लगाइदिन्छ । आगो लगाएकै बेला वृन्दावनमा भयानक आँधीसँगै पानी पर्न थाल्छ । आँधीका कारण एउटा रूख ढल्दा चूडक किचिएर मर्छ । यसपछि भगवान् विष्णु साम्बप्रति खुशी भई श्यामा र चारुबक्यलाई पुनः मनुष्य बनाइदिन्छन् ।

यसरी सोही दिनदेखि सामा चकेवाको पर्व प्रचलित भएको मान्यता रहिआएको छ । यस पर्वमा श्यामा र चारुबक्यको चरारूपमै पूजा गर्ने गरिन्छ । भाइले सामा फुटाल्नुको अर्थ चराको जुनीबाट मुक्ति दिलाउनु हो भनिन्छ । श्यामा र चारुबक्य शब्दको पछि अपभ्रंश भई सामा र चकेवा नाम प्रचलित हुन गएको बताइन्छ । यो पर्व रमाइलो गरी मनाइने हुँदा यसलाई सामा खेल पनि भनिन्छ ।

# छठ पर्वले जगमगाउँदै मिथिला

महोत्तरी, २३ कात्तिक (रासस) ।

छठपर्व सुरु भएसँगै महोत्तरीसहितको मिथिला क्षेत्र धपक्क बलेको छ । छठको तयारीका लागि यस क्षेत्रका नगर गाउँ बस्ती सजिएपछि जताततै उमङ्ग देखिएको हो ।

गाउँ/नगरबस्तीका आम बासिन्दा सडक, ढल सफा गर्न आ-आफैं जुटेका छन् । गाउँबस्तीका कच्ची घर पनि अहिले नयाँ माटो (रातोमाटो, कमेरो र लिसाइलो पहेँलो माटो) ले लिपपोत गरिएर टिलिक्क भएका छन् । दुःख भए पनि अहिले लुकेको छ । गरिब बस्तीमा पनि अघिपछिका अभाव, दुःख र सबै पीडा बिर्सेर गरिब परिवारजनसँग खुशी साटिरहेका देखिन्छन् ।

भगवान सूर्य र षष्ठी (छठी)देवीको उपासना गरिने यो पर्वका लागि अहिले पवित्र जलाशयमा सुन्दरघाट बनाइएका छन् । वर्तालु कम्मरसम्म डुब्ने पानीमा चोबलिएर सूर्यलाई अर्घ्य दिइने परम्पराको यो पर्वमा घाटस्थल अहिले बेहुली झैं सिङ्गारिएका छन् । कात्तिक शुक्ल त्रितीयाका दिन उसिना चामल, माछामासु, मुसुरो, लसुन/प्याजजस्ता तीर्थव्रतमा वर्जित गरिएका भोजन वर्तालुले खान छाड्छन् ।

यसलाई 'अरबा-अर्बाइन' भनिने गरिएको छ । चौथीका दिन पवित्र स्नान गरेर चोखोनितो खाइने विधिलाई 'नहाय-खाय' भनिन्छ । वर्तालुले यो विधि मंगलबार सम्पन्न गर्दैछन् । पर्व सुरु भएसँगै मिथिलाञ्चलका गाउँ नगरबस्तीमा भगवान सूर्य र छठी माताको भक्तप्रति करुणा वर्षिएको भावका गीत लगातार गुञ्जी रहेका छन् ।

श्रद्धा, निष्ठा, आत्मिक शुद्धि र समर्पण पर्वको मूलभाव रहेकाले जताततै सूर्यदेव र छठीमाता करुणाका खानी रहेका चर्चा आम रूपमा सुनिने गरिएको छ । पर्व सुरु भएसँगै यस भेगका सबै दैनिक गतिविधि छठ केन्द्रित हुँदो देखिँदो छ । पर्व विशेषले गर्दा सूर्यलाई अर्घ्य दिँदा देखाइने ठकुवा, भुसुवा (कसार) र अन्य मिष्टान्न परिकार बनाउने आन्तरिक तयारीबाहेक उखु, अदुवाको बोट, केराको घरीसहितका वनस्पति र फल अनिवार्य मानिएकाले अहिले यी सामग्रीको माग ह्वात्तै बढेको छ ।

पर्वको तयारीमा रहेका वर्तालु मात्र नभएर पर्व सुरु भएसँगै मैथिल जनजीवनका सबैजसो गतिविधि पर्वकै तयारीमा लागिपरेका देखिँदाछन् । उखु, केरा, अदुवा, बेसार, ज्यामिर, भोगटेसहितका कृषि उपज पर्वका पूजा सामग्री मानिँदै आएका छन् । यसले थोरै जग्गा भएका गरिबले करेसाबारीमै उब्जाएका यी फसलले राम्रो बजार पाउने गरेका देखिन्छ ।

पर्वका अन्य आवश्यकता आफ्नो करेसाबारीका यिनै उपज बेचेर सजिलै पूरा गरिएको महोत्तरीको भङ्गाहा नगरपालिका-४ रामनगरकी कलावती थारुले बताउनुभयो । पर्वसँगै यसकै तयारीमा काम गर्न टाढा पुगेका आफन्त धमाधम घर फर्किरहेका छन् । छठको अर्को विशेषता नै घर परिवेशको स्वच्छता एवं शुद्धता रहेको यस क्षेत्रका बुढापाका बताउँछन् । "आर्थिक रूपमा कोही सम्पन्न वा कोही गरिब हुन सक्छन्", महोत्तरीको भङ्गाहा नगरपालिका-६ हतिसर्वा सङ्ग्रामपुरका बासिन्दा ६५ वर्षीय राजकिशोर यादवले भन्नुभयो, "तर घर परिवेशको स्वच्छता र सरसफाइमा सबैले ध्यान दिएका छन् ।"

पर्वको अर्को सामाजिक विशेषता आपसी मनोमालिन्य हट्नु र प्रेमभाव देखिनु रहेको छठ तयारीलाई नजिकबाट नियालेका अन्य धर्मावलम्बीको बुझाइ छ । "एक ठाउँमा बसेपछि गृहस्त जीवनमा सामाजिक ठ्याकठुक त कहिलेकाहीँ पर्छ", जिल्लाको बलवा नगरपालिका रौजाका बासिन्दा एवम् सामाजिक, राजनीतिक कार्यकर्ता इस्लाम धर्मावलम्बी मन्सुल कवारीले भन्नुभयो, "तर छठपर्वको तयारी सुरु भएपछि बोल्न छाडेका छिमेकी पनि विनम्र भएर कुराकानी गर्ने गर्छन् ।" पर्वमा शुद्धता, स्वच्छता, श्रद्धा र निष्ठाको मूलभाव रहने भएकाले नै छठ पर्वभरि सामाजिक किचोला र झैं-झगडा पनि कम देखिने, सुनिने गरिएको महोत्तरीकै जलेश्वर-६ बखरीका बासिन्दा एवम् साहित्यकार ८४ वर्षीय पूर्व प्रशासकसमेत रहनुभएका महेश्वर रायको ठम्याइ छ ।

खासगरी मिथिलामा छठपर्व नजिकिएसँगै सामाजिक, साँस्कृतिक र पारिवारिक परिवेश नै सङ्गीतमय र भक्तिमय बन्ने गरेको देखिन्छ । विधिको गणनाले कात्तिक शुक्ल त्रितीयादेखि सप्तमीसम्म पाँच दिनको हुने यो पर्वमा पञ्चमी तिथिमा राति एकछाक मात्र अलिनो खानेकुरा खाएर वर्तालुले 'खरना' विधि सम्पन्न गर्नेछन् । पर्वको मुख्य दिन षष्ठी तिथिमा निराहार व्रत बसेर साँझपख पवित्र जलाशयमा गई अस्ताउदा सूर्यलाई अर्घ्य दिने 'सझुका अरख' (सझिया-घाट) सम्पन्न गरिन्छ ।

अन्तिम दिन सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिने 'भोरका अरख' विधि भएपछि पर्व समापन गरिने परम्परा छ । अन्य बेला कथित जातीय छुवाछुत र उचनिचको भेदभाव अझै नहटिसकेको समाजमा पनि छठमा भने सबै समान देखिन्छन् । "घाटमा फरक/फरक जाति समुदायका वर्तालु आ-आफ्ना पूजा र प्रसाद सामग्री फिँजाएर बस्छन्, यो बेला को छुत को अछुत भन्ने कसैले वास्ता गर्दैनन्", भङ्गाहा-३ का बासिन्दा समाजशास्त्री शिवराज दाहालले भन्नुभयो, "छठपर्वमा देखिने यो अति नै सुन्दर पक्ष लाग्छ ।" उहाँले भन्नुभयो, "सप्तमीका दिन बिहान घाटमा पर्व सम्पन्न गरेपछि दलित समुदायका वर्तालुले कथित उपल्लो जाति समुदायका भनिने दर्शकलाई प्रसादस्वरुप ठकुवा, भुसुवा दिने र पाउनेले खुशीसाथ खाएको देखिन्छ ।"

षष्ठी तिथिका दिन साँझ 'सझुका अरख' (अर्घ्य) दिनसँगै सप्तमीका दिन बिहान 'भोरका अरख' दिउञ्जेलसम्म वर्तालुले सूर्य र छठीदेवीको महत्व झल्कने गीत गाएर आ-आफ्ना मनोकाङ्क्षा पूरा गरी दिन पुकारा गर्छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# राष्ट्रियसभा २० सदस्यको फागुन २१ मा पदावधि सकिँदै

काठमाडौँ, २३ कात्तिक (रासस) ।

राष्ट्रियसभाका उपाध्यक्षसहित एकतिहाइ सदस्यको आगामी फागुन २१ गते पदावधि सकिँदैछ । चारवर्षे पदावधि सकिनेमा उपाध्यक्ष शशिकला दाहाल र विषयगत समितिका सभापतित्रय तारादेवी भट्ट, रामनारायण बिडारी र परशुराम मेघी गुरुङसमेत हुनुहुन्छ ।

नेकपा (एमाले)का आठ, नेकपा (एकीकृत समाजवादी)का चार, नेकपा (माओवादी केन्द्र)का चार र नेपाली कांग्रेसका तीन सदस्यको पनि फागुन २१ कार्यकाल समाप्त हुनेछ । राष्ट्रपतिबाट विषयविज्ञका रूपमा मनोनित सदस्य बिडारीको पनि सोही मितिमा चारवर्षे कार्यकाल समाप्त हुँदैछ ।

पदावधि समाप्त हुनेमा अगमप्रसाद वान्तवा राई, उदया शर्मा पौडेल, कविता बोगटी, खीमकुमार विक, चक्रप्रसाद स्नेही, जीवन बुढा, दृगनारायण पाण्डे, ठगेन्द्रप्रकाश पुरी, तारादेवी भट्ट, दीनानाथ शर्मा, नैनकला ओझा, राधेश्याम अधिकारी, रामलखन चमार, शान्तिकुमारी अधिकारी र शेरबहादुर कुँवर हुनुहुन्छ ।

विसं २०७५ असार ४ गते भएको गोला प्रथाद्वारा चारवर्षे पदावधि कायम भएका सदस्यको पदावधि सकिन लागेको हो । स्थायी सदन भएकाले राष्ट्रियसभाका एकतिहाई सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुनेछ । चारवर्षे पदावधि सकिनेमा सात महिला, तीन दलित समुदाय, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकबाट दुई र अन्य समुदायका सात सदस्य छन् । माथिल्लो सदनका रूपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभा सदस्यको पदावधि छ वर्षको हुन्छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुन्छन् । सरकारले राजनीतिक दलको सहमतिमा एकतिहाइ सदस्यको रिक्त हुने पदका लागि निकट भविष्यमै निर्वाचनको मिति घोषणा गर्ने यसअघि नै जनाइसकेको छ । सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा ३५ दिनअघि नै निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ ।

राष्ट्रियसभा सदस्यका लागि ३५ वर्ष उमेर पुगेको हुनुपर्छ । प्रवुद्ध समूहको प्रतिनिधित्व हुने भएकाले राष्ट्रियसभालाई परिपक्व सदन मानिन्छ । विसं २०७४ भएको राष्ट्रियसभा सदस्य निर्वाचनमा नेकपा (एमाले) २७, नेपाली कांग्रेस १३, नेकपा ( माओवादी केन्द्र) १२ तथा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल र सङ्घीय समाजवादी फोरमले दुई/दुई सिटमा विजयी हासिल गरेका थिए ।

# पाँच दलीय समन्वय समिति गठन गर्ने सत्ता गठबन्धनको निर्णय

काठमाडौँ, २३ कात्तिक (रासस) ।

सत्ता गठबन्धनमा सहभागी राजनीतिक दलहरूले सरकार सञ्चालनमा सहयोग पुऱ्याउन पाँच दलीय समन्वय समिति गठन गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार साँझ बसेको बैठकले ११ सदस्यीय समन्वय समिति गठन गर्ने निर्णय गरेको नेकपा (माओवादी केन्द्र)का नेता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

समितिमा ११ सदस्य रहनेछन् । सत्ता गठबन्धनमा रहेका दलबाट दुई-दुई जना र सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की सदस्य रहने निर्णय भएको उहाँले जानकारी दिनुभयो । नेता श्रेष्ठका अनुसार हरेक पार्टीले दुई-दुई महिना समितिको नेतृत्व गर्नेछन् । पहिलो संयोजन नेपाली कांग्रेसले गर्नेछ । कांग्रेसका तर्फबाट वरिष्ठ नेता रामचन्द्र पौडेलले संयोजन गर्ने उहाँले जानकारी दिनुभयो । हरेक बैठकमा प्रधानमन्त्री सहभागी हुने उहाँको भनाइ छ । समिति गठनको उद्देश्यबारे प्रस्ट पार्दै उहाँले भन्नुभयो, "गठबन्धनलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, सरकार सञ्चालनमा सहयोग पुऱ्याउने तर सरकार सञ्चालन गर्ने संयन्त्र होइन, दलहरूको समन्वय समिति मात्र हो ।"

राष्ट्रियताको रक्षा, संविधान

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५


# विश्व समाचार

## इराकी प्रधानमन्त्रीको हत्या प्रयासको राष्ट्रसंघद्वारा निन्दा

बगदाद, २३ कात्तिक (रासस/सिन्ह्वा) ।

इराकी प्रधानमन्त्री मुस्तफा अल कादिमीको हत्या प्रयासको संयुक्त राष्ट्रसङ्घले निन्दा गरेको छ । राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सो हत्या प्रयासको कडा शब्दमा निन्दा गरेको हो ।

गत आइतबार इराकी प्रधानमन्त्री कादिमीको निवासमा ड्रोन हमला भएको थियो । प्रधानमन्त्रीलाई हत्या गर्ने उद्देश्यले ड्रोन हमला गरिएको अनुमान गरिएको छ ।

पछि इराकी सरकारले गरेको अनुसन्धानबाट उहाँको हत्याका लागि सो ड्रोन हमला भएको बुझिएको छ । बगदादको ग्रीन जोन क्षेत्रमा भएको सो आक्रमणमा प्रधानमन्त्री सुरक्षित रहनुभएको छ ।

इराकी सेनाले जनाएअनुसार सो आक्रमणमा प्रधानमन्त्रीका केही अङ्गरक्षक घाइते भएका जानकारी गराएको छ ।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले प्रकाशन गरेको विज्ञप्तिमा सो कार्यको कडा शब्दमा निन्दा गरिएको छ । साथै यस कार्यमा सङ्लग्न हुने जोकोहीलाई पनि नियन्त्रणमा लिएर कडाभन्दा कडा कारबाही गर्न भनिएको छ ।

सो विज्ञप्तिमा संयुक्त राष्ट्रसङ्घ जहिले पनि शान्त, सार्वभौम र प्रजातान्त्रिक इराकको पक्षमा रहेको पनि स्पष्ट गरिएको छ ।

सो आक्रमणको घटनाको जिम्मा कुनै समूहले लिएको छैन । ग्रीन जोनमा सामान्यतया सेनाले बाक्लो गस्ती गर्ने गर्छ । यसैकारणले पनि प्रधानमन्त्री कादिमी सुरक्षित रहनुभएको बताइएको थियो ।

ड्रोनमा बिस्फोटक पदार्थ भरेर प्रधानमन्त्रीलाई निशाना बनाइएको सेनाले जारी गरेको एक विज्ञप्तिमा उल्लेख छ । प्रधानमन्त्रीलाई ड्रोन आक्रमणमार्फत हत्या प्रयास भएको इराकी सरकारले जारी गरेको एक विज्ञप्तिमा पनि उल्लेख गरिएको छ ।

प्रधानमन्त्री अल कादिमीले आफू सुरक्षित रहेको भन्दै देशमा शान्ति कायम गर्न र सबै संयमित रहनु पनि अपिल गर्नुभएको छ ।

## अफगान सरकारद्वारा पोलियो खोप अभियान सुरु

काबुल २३ कात्तिक (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको सरकारले देशबाट पोलियो उन्मुलन गर्न बालबालिकालाई पोलियो थोपा खुवाउने कार्यक्रमको सुरुवात गरेको छ ।

अफगानिस्तानको सार्वजनिक स्वास्थ्य मन्त्रालयले सोमबारबाट सो कार्यक्रमको सुरुवात गरेको यहाँका एक स्वास्थ्य अधिकारीले जनाएका छन् । ती अधिकारीले उक्त कार्यक्रमलाई देशव्यापी बनाइने जानकारी पनि गराएका छन् ।

विश्व स्वास्थ्य सङ्गठन र संयुक्त राष्ट्रसङ्घ बालकोष, युनिसेफको सहयोगमा यो कार्यक्रमको सुरुवात गरिएको बताइएको छ । सोमबारदेखि सुरु भएको यो कार्यक्रम चार दिनसम्म सञ्चालन गरिने छ ।

यो अभियानले यहाँका पाँच वर्षमुनिका ९० लाखभन्दा बढी बालबालिकालाई लक्ष्य गरेको बताइएको छ अफगानिस्तानका कार्यबाहक जनस्वास्थ्य मन्त्री क्वाल्दार अबादले देशमा पोलियोको उन्मुलनका लागि यो अभियान सञ्चालन गरिएको बताउनु भएको छ ।

अफगानिस्तानमा यसवर्ष मात्र कम्तीमा पनि ५६ जना पोलियो लागेका बालबालिका भेटिएका थिए । यहाँ पहिले पनि नेटो सैन्य सहयोगको सरकारले पोलियो खोप दिने कार्यक्रम पनि सुरुवात गरेको थियो ।

तालिबानले विदेशी कार्यक्रम भनेर यसमा सङ्लग्न हुने स्वास्थ्यकर्मीको हत्या गर्ने तथा आफ्ना बालबालिकालाई पोलियो थोपा नखुवाउन दबाब दिने गरेका थिए ।

## भारतमा एकैदिनमा नौ महिनापछिकै सवैभन्दा कम संक्रमित

नयाँ दिल्ली, २३ कात्तिक (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या नौ महिना पछिकै सबभन्दा कम देखिएको छ । सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १० हजार १२६ जना मात्रै नयाँ सङ्क्रमित थपिएका हुन ।

यो सङ्ख्या भारतमा महामारी फैलिएको पछिल्लो २६६ दिनपछिकै सबैभन्दा कम भएको पनि सरकारी अधिकारीले जनाएका छन् ।

भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या तीन करोड ४३ लाख ७७ हजार ११३ पुगेको अधिकारीले जनाएका छन् ।

कूल सङ्क्रमितमध्ये एक लाख ४० हजार ६३८ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेका छन् । सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या पनि दिनप्रतिदिन घट्दै गएको छ ।

दैनिक नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या घट्दै गएको हो ।

पछिल्लो २४ घण्टामा ११ हजार ९८२ जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड ३७ लाख ७५ हजार ८६ पुगेको छ ।

त्यसैगरी भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर चार लाख ६१ हजार ३८९ जनाको मृत्यु भएको छ । तीमध्ये ३३२ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो ।

# कामना बैंकको वार्षिकोत्सवमा बिद्यार्थीलाई ब्याग वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

कामना सेवा विकाश बैंक राजबिराज शाखाले वार्षिकोत्सवको अवसरमा मंगलबार बिद्यार्थीहरुलाई स्कुल ब्याग वितरण गरेको छ ।

बैंकको १५ औ बार्षिक उत्सव कार्यक्रमको उपलक्ष्यमा तिलाठी कोईलाडी गाउँपालिका वडा नं ७ स्थित श्री राष्ट्रिय प्राथमिक विद्यालय मंसापुरका बाल कक्षामा अध्ययनरत ५५ जना विद्यार्थीहरुलाई स्कुल ब्याग वितरण गरेको हो ।

सो अवसरमा बैंकका प्रदेश नं २ प्रमुख राकेश सिंहले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत राजबिराज शाखाले ब्याग वितरण गरी दलित विद्याथीहरुलाई पढाईमा थप उर्जा थप्ने बताए । उनले सो कार्यले विद्यार्थीहरुमा उत्साह जाग्नुका साथै उनीहरुको अध्यनमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा तिलाठी कोईलाडी गाउँपालिकाका वडा नं ७ का वडा अध्यक्ष गुलाब प्रसाद सिंह, वडा सचिव शन्तलाल मंडल, वडा सदस्य राम नारायण साह, विद्यालयका प्रअ मदन मण्डलले दलित वस्तीमा ब्याग वितरण गरेकोमा बैंकलाई धन्यवाद दिए ।

### पाँच दलीय समन्वय ...

र लोकतन्त्रको रक्ष, संस्थागत सुदृढीकरण, सुरक्षा, सुशासन, सेवा र विकास एवं निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने लक्ष्यका साथ समिति गठन गरिएको उहाँले बताउनुभयो । गठबन्धन बैठकमा आसन्न राष्ट्रियसभा बैठकमा मिलेर जाने सहमति भएको नेता श्रेष्ठले बताउनुभयो । न्यायालयमा देखिएको गतिरोध र विभिन्न देशमा रिक्त राजदूत नियुक्तिका विषयमा कुनै छलफल नभएको उहाँले जानकारी दिनुभयो ।

### छठ पर्वले ...

उपासकको इच्छित माग पूर्ति गर्ने भगवान सूर्यको उपासनाले सन्तान सुख र रोगव्याधि नलाग्ने हिन्दू मैथिल जनविश्वास रहेको छ ।

केही वर्ष पहिलेसम्म मधेशी मूलका हिन्दूले मात्र मनाउँदै आएका यो पर्व अब पर्वते मूलका हिन्दू र इस्लाम धर्मावलम्बीले समेत मनाउन थालेपछि छठ पर्व साझा बनेको यस क्षेत्रका बुद्धिजीवीको भनाइ छ । इस्लाम धर्मावलम्बीले भाकल गरेर अर्घ्य र प्रसाद सामग्री सूर्यलाई देखाइ दिन वर्तालु हिन्दूलाई अराएका बाक्लै देखिन्छ । अब छठपर्व मुलुकको राजधानीसहित विभिन्न भेगमा धुमधामसँग मनाउन थालिएसँगै राष्ट्रिय पर्व बनेको आम मैथिल गर्वसाथ बताउँछन् ।


## कोरोना घटाउन र हटाउन
## जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं

आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# तीन प्रदेशमा प्रदेश प्रमुख नियुक्त

काठमाडौं, २३ कात्तिक (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदेश नम्बर १, कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश प्रमुख नियुक्त गर्नुभएको छ ।

मन्त्रिपरिषद्को यही कात्तिक २२ गते बसेको बैठकको निर्णय एवं सिफारिसमा नेपालको संविधानको धारा १६३ उपधारा २ बमोजिम प्रदेश नं १ मा तेह्रथुमका परशुराम खापुङ, कर्णाली प्रदेशमा बाँकेका तिलक परियार र सुदूरपश्चिममा बाजुराका देवराज जोशीलाई राष्ट्रपति भण्डारीले मंगलबार नियुक्त गर्नुभएको हो ।

मन्त्रिपरिषद् बैठकको सिफारिसमा संविधानको धारा १६५ को उपधारा १ को खण्ड 'ख' अनुसार यसअघिका प्रदेश प्रमुख पदमुक्त भएपछि राष्ट्रपति भण्डारीले नयाँ प्रदेश प्रमुख नियुक्त गर्नुभएको राष्टूपति कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छ ।

यसअघि प्रदेश एकमा सोमनाथ अधिकारी, कर्णाली गोविन्दप्रसाद कलौनी र सुदूरपश्चिममा गङ्गाप्रसाद यादव प्रदेश प्रमुख हुनुहुन्थ्यो ।

### सात वर्षीया ...

परिवारले सोमबार बिहान ९:०० बजे इलाका प्रहरी कार्यालयमा खबर गरेको थियो । खबर प्राप्त भएलगत्तै इप्रकाका प्रमुख प्रहरी निरीक्षक चक्रबहादुर देउवाको नेतृत्वमा रहेको पाँच प्रहरीको टोलीले खोजतलास गर्दा देवीलालको खरबारीमा घाँटी रेटिएको अवस्थामा शव फेला पारेको थियो ।

घटनास्थलमा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक पदमबहादुर विष्टसहित कर्णाली प्रदेश प्रहरी अनुसन्धान ब्यूरोको टोलीले अनुसन्धान गरिरहेको जनाइएको छ ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
बि.सं. २००८/१२/१५

स्वार्गारोहण
बि.सं. २०७८/०७/०९

**स्व. रामजी साह**

मेरो श्रद्धेय सम्धी जनकपुर उपमहानगरपालिका निवासी ६९ वर्षिय श्री रामजी साहको यही कात्तिक ९ गते भएको असमायिक निधनले स्तब्ध भएको छु । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**
**राजविराज दैनिक**



## राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्फनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np